# भूकम्प प्रतिरोधी घर सम्बन्धी सूचना

घर आफै भूकम्प प्रतिरोधी हुँदैन । गाउँ घरमा ढुंगा, ईंटा, काठ लगायतका सामग्री प्रयोग गरी बनाउने घरलाई भूकम्प प्रतिरोधी बनाउन सकिन्छ । यस्तै कंक्रिट ढलानको घरलाई पनि भूकम्प प्रतिरोधी बनाउन सकिन्छ । घरलाई भूकम्प प्रतिरोधी बनाउन घरको गारोका विभिन्न तहमा राखिने पट्टी अथवा ब्याण्डहरु, ठाडो डण्डी वा थामहरुले घरलाई एकढिक्का बनाएर कस्नुपर्छ । यस सम्बन्धी थप जानकारी गाउँ विकास समितिका कार्यालय वा नगरपालिकामा रहेका प्राविधिकहरुबाट लिन सकिन्छ । बेलैमा सल्लाह लिएर घर भूकम्प प्रतिरोधी बनाऔं ।

**सार्वजनिक हितका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**